दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३२६ | बुटवल | २०८१ मंसिर १८, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Dec. 03, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## उप-निर्वाचन :
# एमालेलाई बोनस, वडाध्यक्षमा कांग्रेसको दबदबा

गत निर्वाचनमा हार व्यहोरेको एक अध्यक्ष र एक उपाध्यक्षमा कांग्रेस उम्मेदवारलाई हराएर एमालेले जित हासिल गर्न सफल भएको छ। वडाध्यक्षमा कांग्रेसको दबदबा देखिएको छ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

गत आइतबार भएको ४१ स्थानमा भएको स्थानीय तह उप-निर्वाचनमा सत्तारुढ दल नेकपा एमालेले एक पालिका अध्यक्ष र एक उपाध्यक्ष बोनस पाएको छ । २०७९ मा भएको स्थानीय तह उपनिर्वाचनमा एमालेले गुमाएको दैलेखको महाबु गाउँपालिका अध्यक्ष र बाजुराको स्वामिकार्तिक खापर गाउँपालिकाको उपाध्यक्षमा जित हासिल गरेको छ। यी दुई पदमा गत निर्वाचनमा कांग्रेसका उम्मेदवार निर्वाचित भएका थिए।

निर्वाचन आयोगका अनुसार पालिका प्रमुख तथा अध्यक्षमा नेकपा एमालेका एक र माओवादी केन्द्रका एक रहेका छन् भने उप-प्रमुख एवं उपाध्यक्षमा एमालेका एक र माओवादी केन्द्रका एक निर्वाचित भएका छन्।

यस्तै वडाध्यक्षमा भने नेपाली कांग्रेसले १६ स्थानमा जित निकालेको छ भने माओवादी केन्द्रले ६, नेकपा एमालेले ५, जनता समाजवादी पार्टी नेपालले २ र राष्ट्रिय स्वतन्त्र पार्टीले १ स्थानमा जित हासिल गरेको छ । महाबु गाउँपालिका अध्यक्षमा एमालेका जंगबहादुर शाही ३ हजार १२७ मतसहित निर्वाचित हुँदा सत्तासाझेदार दल नेपाली कांग्रेसका उम्मेदवार झलकबहादुर भण्डारी २ हजार ६७५ मतसहित निकटतम प्रतिस्पर्धी बने।

त्यस्तै माओवादीका जंगबहादुर बराल ८४२ मतसहित तेस्रो स्थानमा खुम्चेका छन् । यसअघि महाबु गाउँपालिकामा कांग्रेसका लछुमन गुरुङ २ हजार ९७९ मतसहित विजयी बन्दा एमालेका हरिप्रसाद उपाध्याय २ हजार ५१९ मतसहित उपविजेता बनेका थिए । त्यस्तै एकीकृत समाजवादीका जंगबहादुर शाही २ हजार २६८ मतसहित तेस्रो भएका थिए। अहिले उनै जंगबहादुर एमाले फर्किएर जित निकालेका हुन्।

बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष पद पनि उप-निर्वाचनमार्फत् एमालेले बोनस बनाएको छ।

यसअघिको निर्वाचनमा कांग्रेसकी मैना जोशी १ हजार ८१० मतसहित निर्वाचित भएको सो पद उपनिर्वाचनमार्फत् एमालेले खोसेको छ।

उपनिर्वाचनमा यो पालिकाको उपाध्यक्षमा एमालेकी सुलोचनाकुमारी भण्डारीले १ हजार ६३७ मतसहित निर्वाचित भएकी छन्। यहाँ अहिले कांग्रेसकी पुल्तीसरा शाही १४ सय ७४ मतसहित उप-विजेता बनेकी छन्। त्यस्तै नेकपा एसका जवा शाही ५ सय ५३ मतसहित तेस्रो स्थानमा उक्लिएका छन्।

**वडाअध्यक्षमा यस्तो छ अवस्था**

स्थानीय तह उपनिर्वाचन भएका ३३ मध्ये ३२ वडाको मत परिणाम सार्वजनिक भएको छ। तीमध्ये नेपाली कांग्रेसले १६ वटा वडाध्यक्ष पद जितेको निर्वाचन आयोगले जनाएको छ।

» बाँकी २ पेजमा



रूकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्षमा विजयी नरपुरा बुढा

## पुथा उत्तरगंगामा माओवादी पकड कायमै

**आचार्य प्रदीप**

*बुटवल*

रूकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा कांग्रेस एमाले गठबन्धनलाई पराजित गर्दै माओवादी उम्मेदवार नरपुरा बुढाले जित हासिल गरेकी छन्।

माओवादीको बलियो पकड मानिएको यहाँ कांग्रेस एमालेले माओवादीको पकड तोड्न गठबन्धन गरेका थिए। यहाँ एमाले उम्मेदवार केशकुमारी तुलाचनले रुख चिन्ह लिएर चुनावमा उठेकी थिइन्।

उपाध्यक्षमा नेकपा (माओवादी केन्द्र) बाट ४२ वर्षीया नरपुरा बुढा निर्वाचित भएकी छन्। उनले ३६२७ मत प्राप्त गरी निर्वाचित भएकी छिन्।

२०७९ को स्थानीय तह निर्वाचनमा पनि गाउँपालिकाको उपाध्यक्ष माओवादी केन्द्रकी भूपेन्द्रा बुढा निर्वाचित भएकी थिइन। भूपेन्द्राको गत भदौ २८ गते काठमाडौंबाट आउँदै गर्दा बाग्लुङमा सवारी दुर्घटनामा मृत्यु भएको थियो। अहिले निर्वाचित नरपुरा बुढा भूपेन्द्राकी सहोदर दिदी हुन्। यो गाउँपालिकामा प्रमुख दुई दल नेपाली कांग्रेस र नेकपा एमालेका बिचमा फरक अभ्यास भएको थियो। कांग्रेसको रुख चुनाव चिन्हबाट प्रतिष्पर्धामा उत्रिएकी नेकपा (एमाले) की ५५ वर्षीया नेतृ केशकुमारी तुलाचनले २१२८ मत मात्रै प्राप्त गरेकी छन्। तुलाचन एमाले जिल्ला कमिटी उप-सचिव हुन्।

मनोनयन दर्ता गराए पनि नेकपा (एकीकृत मार्क्सवादी लेनिनवादी) की सुनिता बुढा मगर, स्वतन्त्र रूपमा कोपिला पुन बुढा, भिमकुमारी पुन, मोहनभक्त बुढा र श्रीदेवी सुना (बिक) सबैले अन्तिममा आएर आ-आफ्नो उम्मेदवारी फिर्ता लिएका थिए। उम्मेदवारी फिर्ता लिएकामध्ये अधिकांशले माओवादीकी उम्मेदवारलाई समर्थन गरेका थिए।

पुथा उत्तरगंगा गाउँपालिकामा कुल ११,१३० मतदाता थिए। मंसिर १६ गतेको उप-निर्वाचनमा ५,९३२ मत मात्रै खसेको थियो। त्यो ५३.०३ प्रतिशत हुन्छ। आधा बढी मतदाता मतदानमा सहभागी भएका थिएनन्। पुथा उत्तरगंगा गाउँपालिका माओवादीको पकेट क्षेत्र मानिन्छ।

**पुथा २ मा माओवादीका घर्ती निर्विरोध**

पुथा उत्तरगंगा गाउँपालिका - २ को वडाध्यक्ष पदमा माओवादी केन्द्रबाट जगत घर्ती यसअघि नै निर्विरोध निर्वाचित भएका थिए।

नेकपा एमालेका जीवन रोका र स्वतन्त्र रूपमा शुकराज बिकले उम्मेदवारी झिकेपछि उनी निर्विरोध निर्वाचित भएका थिए। लुम्बिनीका पाँच जिल्लामा भएको उप-निर्वाचनमध्ये वडाध्यक्ष पदमा निर्विरोध भएको यही एक वडा हो। एमाले उम्मेदवारले समेत माओवादी उम्मेदवारको समर्थनमा उम्मेदवारी फिर्ता लिएपछि त्यहाँ आन्तरिक किचलो सुरु भएको थियो।

» बाँकी २ पेजमा

## प्रधानमन्त्री बेइजिङमा



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओली चार दिने औपचारिक भ्रमणका लागि चीनको राजधानी बेइजिङ पुगेका छन् । प्रधानमन्त्री ओली नेतृत्वको टोली बेइजिङ क्यापिटल अन्तर्राष्ट्रिय विमानस्थल पुगेको हो।

ओली चिनियाँ समकक्षी ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा सोमबार बिहान चीन गएका हुन्। प्रधानमन्त्री ओलीलाई आज मंगलबार चिनियाँ समकक्षी छ्याङले स्वागत गर्ने र त्यसपछि दुई पक्षीय वार्ता र हस्ताक्षर समारोह हुने प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री ओलीले मंगलबार नै चीनका राष्ट्रपति सी जिनपिङसँग पनि भेट गर्ने कार्यक्रम छ । प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका छ । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम पनि छ। यस्तै उनले नेपाल-चीन व्यापार मञ्चलाई पनि सम्बोधन गर्ने छन्। प्रधानमन्त्री ओलीको चार दिने भ्रमणमा नेपाल र चीनबिच कम्तीमा आठ वटा समझदारीपत्र (एमओयू) तथा सम्झौतापत्रमा हस्ताक्षर हुने र चीनले आठ अर्ब ३१ करोड रुपैयाँभन्दा बढी अनुदान सहायता उपलब्ध गर्ने सम्बन्धमा सहमति हुने सम्भावना रहेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ।

प्रधानमन्त्री ओलीको भ्रमणमा मुख्य एजेन्डाका रूपमा 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बीआरआई) अन्तर्गतको सहायतालाई लिइएको छ। सरकारले 'बीआरआई' अन्तर्गत अनुदान मात्रै स्वीकार गर्ने बताएको छ।

सत्तारूढ कांग्रेस-एमालेबिच पनि ऋण नलिने सहमति भएको छ । प्रधानमन्त्रीको ८७ सदस्यीय भ्रमण टोलीमा मन्त्रिपरिषद्बाट परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा मात्रै सहभागी छन्। प्रधानमन्त्री ओली चीनको भ्रमण पूरा गरी मङ्सिर २० गते स्वदेश फर्कने कार्यतालिका रहेको छ।

## राजनैतिक स्थिरताले विश्वास जगाएको छः ज्ञवाली



बुटवल। एमाले उप-महासचिव प्रदीप ज्ञवालीले दुई ठूला दल एमाले-कांग्रेस मिलेर अघि बढ्दा समाजमा राजनैतिक स्थिरताको विश्वास जागेको बताएका छन्।

एमाले रुपन्देही जिल्ला कमिटी सदस्य नरबहादुर घर्तीको पुस्तक यथार्थको विमोचन गर्दै उनले अस्थिरता बढ्दा नागरिकमा निराशा बढेकोले राजनैतिक स्थिरता दिनका लागि कांग्रेससँग मिलेको बताए। 'अब नागरिकमा आशा जागेको छ, त्यसैगरी लगानीकर्तामा पनि विश्वास जागेको छ। वैदेशिक सम्बन्ध पनि सन्तुलनमा आउँदैछ।'-उनले भने।

नेपालको महत्वपूर्ण परिवर्तन र घटनाक्रममा एमाले-कांग्रेसबिच सहकार्य भएको चर्चा गर्दै उनले भने-'लोकतन्त्र संस्थागत गर्न दुई ठूला दल मिल्नुको विकल्प छैन।'

समाजमा बढ्दो निराशाको खेतीले व्यवस्थामाथि नै चुनौती बढ्दै गएकाले निराशालाई चिर्दै अघि बढ्न आवश्यक रहेको उनले बताए।

मुलुकमा सडक, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा राम्रो पूर्वाधार बनेको तर प्रयाप्त रोजगारी श्रृजना नहुँदा निराशा बढेकाले रोजगारी बढाउने गरी काम गर्नुपर्ने उनले बताए। 'मुलुकमा लगानी बढाएर पर्याप्त रोजगारी श्रृजना गर्न सकिन्छ।'-उनले भने।

एमाले पोलिटब्युरो सदस्य लिला गिरीले लगनशिल घर्तीको पुस्तक पठनीय भएको बताए।

पुस्तकको समीक्षा साहित्यकार कपिल लामिछानेर ऋषि आजादले गरेका थिए।

## बुटवलमा १२५ सीसी क्यामेरामार्फत् निगरानीमा

» समाचार पृष्ठ ४ मा

## कोहलपुरमा यातायात व्यवस्था कार्यालयको सेवा विस्तार हुने



दाङ । लुम्बिनी प्रदेश सरकार प्रदेश मन्त्रिपरिषद् बैठक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा सोमबार बसेको छ । बैठकले तीनवटा महत्वपूर्ण निर्णय गरेको छ।

बैठकले यातायात व्यवस्था कार्यालयको सेवा विस्तार गर्ने निर्णय गरेको छ। यो निर्णयअनुसार अब कोहलपुरमा यातायात व्यवस्था कार्यालयको सेवा विस्तार हुनेछ।

बैठकले पटके जाँचपासदेखि राजस्व संकलनका लागि कोहलपुरमा यातायात व्यवस्था कार्यालयको सेवा विस्तार गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिए।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बसेको बैठकले उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयअन्तरगत रहेको यातायात व्यवस्था कार्यालयको सेवा विस्तार गर्ने, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तरगत स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन दोस्रो संशोधन कार्यविधि २०८१ स्वीकृत गरेको छ।

कार्यविधि अनुसार अब अवधि पुगेका र सम्पन्न भएका स्मार्ट कृषि गाउँको संरक्षण, सम्बर्द्धन र विकासका लागि स्थानीय सरकारको जिम्मेवारीभित्र पर्नेछ। प्रदेश, स्थानीय सरकार र किसानहरुको साझेदारीमा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गरिएको थियो। यस्तै बैठकले सामाजिक विकास मन्त्रालयअन्तरगत बजेट तथा कार्यक्रमको व्यवस्थापन गर्ने निर्णय गरेको छ।

» बाँकी २ पेजमा

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

# स्वास्थ्य चौकीलाई किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था घोषणा

**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीको रामग्राम नगरपालिकाले स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि अग्रसर हुँदै गएको छ। नगरपालिकाले स्थानीय नगरवासीलाई स्वास्थ्य संस्थालाई क्षमता वृद्धि गरी नगरवासीलाई स्वास्थ्यमार्फत् गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ । रामग्राम नगरपालिकाको वडा नम्बर ७ उजैनीमा निर्माण भएको छ, स्वास्थ्य चौकीको सुविधा सम्पन्न भवनको सोमबार नगर प्रमुख धनपत यादवले एक कार्यक्रमकाबिच उद्घाटन गरेका छन् । दुई तल्ले पक्कि भवन संघीय सरकारको लगानीमा निर्माण भएको हो ।

करिब डेढ करोडको लागानी उक्त स्वास्थ्य चौकी भवन निर्माण गरिएको हो । वडा कार्यालयको साँघुरो भवनबाट सेवाप्रवाह गर्दै आएको स्वास्थ्य चौकीको सुविधासम्पन्न भवन निर्माण भएपछि सेवाप्रवाहमा सहज हुने स्वास्थ्य चौकीका इञ्चार्ज बलिराम कोइरीले बताए ।

सो क्रममा रामग्राम नगरपालिकाका नगरप्रमुख यादवले शिक्षा, स्वास्थ्य र खानेपानी जस्ता आधारभूत आवश्यकताको परिपूर्ति गर्ने कार्यलाई नगरपालिकाले प्राथमिकतामा राखेको बताए ।

समाजमा स्वास्थ्य सेवाको अभिवृद्धि गर्न सामुदायिक महिला स्वास्थ्य स्वयंमसेविकाको भूमिका महत्वपूर्ण रहेको बताउँदै नगरप्रमुख यादवले स्वास्थ्य स्वंयमसेविकाको लागि साइकलको व्यवस्थापन गरिने जानकारी दिए ।

उप-प्रमुख सम्भना चौधरीले स्वास्थ्य संस्थाको भौतिक अवस्था सुधार गर्दै गुणस्तरीय सेवामा नगरपालिकाले जोड दिएको बताइन । सो क्रममा प्रमुख प्रशासकीय अधिकृत यमबहादुर कुँवर, वडा नम्बर १ का वडा अध्यक्ष रुद्रप्रसाद उपाध्याय, जनता प्रगतिशिल पार्टीका जिल्ला अध्यक्ष राधेरमण पाण्डे, वडा नम्बर ७ का पूर्व वडाअध्यक्ष शिवशंखर हरिजन, वडा सदस्य जगवन्तलाल कोइरीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सोमबार नै नगरपालिकाले उक्त स्वास्थ्य चौकीलाई किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था पनि घोषणा गरेको छ। नगरप्रमुख यादवले स्वास्थ्यचौकीमा स्थापना गरिएको किशोरकिशोरीमैत्री कक्षको पनि उद्घाटन गरेका छन् ।

किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका २९७९ को दफा ५ को व्यवस्थाका आधारमा किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले जानकारी दिए ।

ति दुई स्वास्थ्य संस्थामा किशोरकिशोरीका लागि आफ्ना समस्या भन्न छुट्टै फोकल पर्सनको व्यवस्था गरिएको छ भने छुटै कक्षमा उनीहरुले बसेर आफ्ना समस्याका विषयमा पुस्तक मार्फत जवाफ खोज्न समेत सक्ने छन् ।

किशोरकिशोरीमा हुने शारीरिक विकास, मानसिक विकास, प्रजनन् स्वाथ्य, विभिन्न रोग तथा अंगहरुको विषयमा जानकारी लिन उनीहरु बिना हिचकिचावट अब स्वास्थ्य संस्थामा गएर आफैं जानकारी लिन सक्ने छन् भने कुनै समस्या भएमा फोकल पर्सनलाई जानकारी समेत गराउन सक्ने व्यवस्था गरिएको छ ।

यसअघि नगरपालिकाको वडा नम्बर १६ मा रहेको शुक्रौली स्वास्थ्य चौकी र वडा नम्बर १४ मा रहेको अमरौट स्वास्थ्य चौकि किशोरकिशोरी मैत्रि स्वास्थ्य चौकी घोषणा भइसकेका छन् ।

## सम्पादकीय

# शितलहरबाट बच्न पूर्वतयारीमा ध्यान देऊ

मध्य मंसिर पार हुँदै गर्दा चिसो बढ्न थालेको छ । तराईमा जाडोमा अत्याधिक चिसो र गर्मीमा अत्याधिक गर्मी हुन्छ, जसले यहाँको जनजीवन अत्याधिक प्रभावित हुन थालेको छ। विस्तारै चिसो बढ्दै जाने र शितलहरले जनजीवन कष्टकर हुन थाल्छ । चिसोबाट नागरिकलाई बचाउन तहगत सरकारले पूर्वतयारी गर्न आवश्यक छ ।

पहिले-पहिले दुई सातादेखि एक महिनासम्म तराईमा शितलहर चल्थ्यो । लामो शितलहरले तराईको जनजीवन कष्टकर बनाउँथ्यो । शितलहरले वर्षेनी केही दर्जन नागरिकको मृत्यु हुन्थ्यो । पछिल्ला केही वर्षयता शितलहरकै कारण मृत्युको समाचार दिनहुँ जसो आउन छाडेका छन् । शितलहर नभएर होइन्, मुलुक संघीय शासन प्रणालीमा गइसकेपछि तहगत सरकारले सुरक्षित आवासको प्रबन्धमा बढोत्तरी भएको र सामाजिक सुरक्षा कार्यक्रमअन्तरगत वितरण भएको जेष्ठ नागरिक भत्ताले नागरिकको जीवन जोगाउन मद्दत गरेको छ । तर अहिले जे भइरहेको छ, त्यसले मात्रै नागरिकलाई सुरक्षित राख्न सकिन्छ भन्ने पटक्कै देखिदैन् । विपद् कुन परिमाणमा आउँछ भन्ने निश्चित हुँदैन्, जलवायु परिवर्तनको असर अकल्पनीय ढंगले बढिरहेकोले सामान्य ढंगले मात्रै विपद्को पूर्व तयारी गरेर हुँदैन् । गएको असोज ११ र १२ गतेको बाढी पहिरो र त्यसले गरेको क्षतिलाई हेरेर विपद्को पूर्वतयारीमा ध्यान दिन आवश्यक छ । अत्याधिक चिसो हुँदा तराईको जनजीवनमा पर्ने असरको आँकलन गर्दै तहगत सरकारले कसले के गर्ने भन्ने स्पष्ट दिशानिर्देश हुनुपर्छ । तहगत सरकारबिच कामको बाँडफाँट भयो भने त्यसको सकारात्मक प्रभाव पर्नेछ

तराईको भित्री गाउँहरुमा जाडोमा चिसोले कठाग्रिने र गर्मीमा राम्ररी हावा छिर्न नसक्ने खालका घर छन् । अझ गर्मी याममा फुस र खरका घर आगलागीको जोखिम अत्याधिक छ । फुस र खरका घरलाई पूर्णतः हटाउन ढिलाइ गर्न हुन्न । विशेषगरी चिसोमा जेष्ठ नागरिक र बालबालिका प्रभावित हुने हुँदा उनीहरुलाई जोखिमबाट जोगाउन सरोकारवाला निकायको ध्यान जानुपर्छ । बिरामी भएपछि उपचार गर्न आर्थिक अभावले सकेसम्म अस्पताल जान नखोज्ने संख्या ठूलो छ, यही कारण नागरिकले ज्यान गुमाउँदै आएका छन् । स्वास्थ्य उपचार महँगिदै गएपछि घरमै चाम्रिएर बस्न बाध्य नागरिकको स्वास्थ्यमा तहगत सरकार चनाखो हुनुपर्छ । यद्यपी अहिले स्वास्थ्य बिमा कार्यक्रमले नागरिकलाई उपचार सेवा लिन केही राहत दिए पनि स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारितामा प्रश्न उठिरहेकाले सुधार गर्नुको विकल्प छैन ।

संकटका बेला नागरिकले राज्य खोज्छ । यही बेला हो, राज्यले नागरिकप्रति आफ्नो भूमिका देखाउने । तहगत सरकारबिच समन्वय र सहकार्यबाट नै महामारीलाई सामना गर्न सकिन्छ भन्ने हामीलाई कोभिड महामारीले सिकाएको छ । दोष जति अरूतिर पन्छाउने र जस आफूले लिने प्रवृत्तिबाट मुक्त भएर विपद्विरुद्ध पूर्वतयारीमा अहिले नै लागौं ।

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्दा साढे १० अर्बको कारोबार



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले बढेको छ। परिसूचक १९ दशमलव ९७ अङ्कले बढेर दुई हजार सात सय ५८ दशमलव ०४ को विन्दुमा कायम भएको हो ।

सोमबार तीन सय १४ कम्पनीको दुई करोड ३० लाख ११ हजार तीन सय ६१ कित्ता शेयर एक लाख तीन हजार चार सय ८१ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ५४ करोड १७ लाख ४६ हजार पाँच सय ६४ बराबरको कारोबार भएको छ ।

बैङ्किङ शून्य दशमलव ५९, विकास बैङ्क एक दशमलव ७२, वित्त एक दशमलव ९७ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै व्यापार समूह नौ दशमलव ७० र होटल तथा पर्यटन समूह चार दशमलव ९९ प्रतिशतले बढेको छ ।

त्यस्तै, जलविद्युत् शून्य दशमलव ६२, लगानी शून्य दशलमव ६०, जीवन बीमा एक दशमलव ९१, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १५, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ४१ र निर्जीवन बीमा शून्य दशमलव २० प्रतिशतले बढेको छ ।

तारागाउँ होटल रिजेन्सी लिमिटेड, विशालबजार कम्पनी लिमिटेड र खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा आठ दशमलव ७२ प्रतिशतको गिरावट देखिएको छ ।

### एमालेलाई...

यस्तै, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले समान पाँच वडाध्यक्ष पद जितेका छन् । जनता समाजवादी पार्टी, नेपालले दुईवटा वडाध्यक्ष पद जितेको छ ।

नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समान एक/एक वडाध्यक्ष पद जितेका छन् । नेपाल मजदुर किसान पार्टीले पनि एक र स्वतन्त्र उमेदवारले एक वडाध्यक्ष पदमा विजय हासिल गरेका छन् । रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका-२ को वडाध्यक्षमा भने यसअघि नै माओवादी केन्द्रका जगत घर्ती निर्विरोध निर्वाचित भएका थिए ।

### पुथा...

त्यसको प्रभाव गाउँपालिका उपाध्यक्ष पदमा पनि हुने राजनीतिक वृत्तमा विश्लेशनहरु भइरहेका छन् ।

पुथा उत्तरगंगा गाउँपालिका - २ मा २०७९ सालमा पनि माओवादीका जसबहादुर श्रीपाइली विजयी भएका थिए । श्रीपाइलीको पनि गाउँपालिका उपाध्यक्षसँगै सवारी दुर्घटनामा मृत्यु भएको थियो ।

**रोल्पामा कांग्रेसको जित**

रोल्पाको रुन्टीगढी गाउँपालिका-४ को वडाध्यक्षका लागि भएको निर्वाचनमा नेपाली कांग्रेसबाट भूपमणि पुन मगर निर्वाचित भए । प्रदेश निर्वाचन कार्यालय दाङका कम्प्युटर अप्रेटर गेहेन्द्र कुँवरले कांग्रेसका मगरले ६४३ मत प्राप्त गरी निर्वाचित भएको बताए । पूर्व शिक्षक समेत रहेका मगरले निकटतम प्रतिपर्स्धी नेकपा एमालेबाट बेगम पुन मगरको भन्दा १०८ मत बढी प्राप्त गरेका थिए । एमालेका मगरले ५३५ मत प्राप्त गरेका थिए । अर्का प्रतिस्पर्धी नेकपा माओवादी केन्द्रका उम्मेदवार नरेशजंग सिंहले ७० मत प्राप्त गरेका थिए ।

त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार पहलबहादुर वलीले १०, राष्ट्रिय स्वतन्त्र पार्टीका हिमबहादुर पुनले ७ र मंगोल नेसनल अर्गनाइजेसनबाट पूर्णबहादुर बुढा मगरले पनि ७ मत प्राप्त गरेका थिए । यहाँ २१ मत बदर भएको थियो । यो वडामा २०७९ सालमा पनि कांग्रेसकै टंकबहादुर पुन निर्वाचित भएका थिए । उनको मृत्यु भएपछि रिक्तस्थानमा मंसिर १६ गते उप-निर्वाचन भएको हो । उप-निर्वाचनमा त्यहाँ झण्डै ६० प्रतिशत मत खसेको थियो । एक हजार दुई सय ९७ मत खसेको थियो । कुल मतदाता एक हजार नौं सय थिए ।

**बर्दियामा कांग्रेसको जित**

बर्दियाको ठाकुरबाबा नगरपालिका - ४ को वडाध्यक्ष नेपाली कांग्रेसका अमिन थारू निर्वाचित भएका छन् । ४८ बर्षीय थारुले १०४३ मत प्राप्त गरि निर्वाचित भएका हुन् । निकटतम प्रतिद्वन्द्वीभन्दा थारुले ३६५ मत बढी प्राप्त गरी उनी निर्वाचित भएका हुन् ।

नेकपा (माओवादी केन्द्र) का ५३ वर्षीय शेरबहादुर थारूले ६७८ मत प्राप्त गरेका थिए । त्यस्तै नेकपा एमालेका ५० वर्षीय विष्णुप्रसाद देवकोटाले ३३७, नागरिक उन्मुक्ति पार्टीका ५९ वर्षीय प्रीतिलाल थारूले ७०, राष्ट्रिय प्रजातन्त्र पार्टीका ५८ बर्षीय रत्नबहादुर शाहीले ५२ र राष्ट्रिय स्वतन्त्र पार्टीका ७१ वर्षीय बासुदेव शर्माले १७ मत प्राप्त गरेका थिए ।

यो वडामा २०७९ सालमा पनि कांग्रेसका सूर्यबहादुर विष्ट निर्वाचित भएका थिए । उनी जिल्ला पार्टी सभापति बनेपछि कार्यवाहक वडाध्यक्ष अमिन थारूलाई दिएका थिए । नवनिर्वाचित अमिन थारूले उपनिर्वाचन आउनुभन्दा केही दिन पहिले मात्रै कार्यवाहक वडाध्यक्ष पदबाट राजीनामा दिएर वडाध्यक्ष पदका लागि उम्मेदवार दिएका थिए ।

मंसिर १६ गते भएको उपनिर्वाचनमा बर्दियाको ठाकुरबाबा नगरपालिका - ४ मा अध्यक्ष पदका लागि ६३.७९ प्रतिशत मत खसेको थियो । यहाँ दुई हजार दुई सय ३९ मत खसेको थियो । कुल तीन हजार पाँच सय दश मतदाता थिए । महिला एक हजार आठ सय ३९ र पुरुष एक हजार छ सय ७१ मतदाता थिए। दुई वटा मतदान स्थल मध्य कृषि पशु सेवा केन्द्रमा सात सय ४२ र बबई सिशुमन्दिर मावि बर्गदहामा एक हजार चार सय ९७ मत खसेको थियो । निर्वाचनका लागि पाँच वटा मतदाता केन्द्र तोकिएका थिए ।

**गुल्मीमा कांग्रेसको जित**

गुल्मीको मुसिकोट - १ मा नेपाली कांग्रेसका उम्मेदवार निर्वाचित भएका छन् । कांग्रेस उम्मेदवार आनन्द श्रेष्ठले ११८४ मत प्राप्त गरि निर्वाचित भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका दलबहादुर थापाले ९३० मत प्राप्त गरेका थिए। यहाँ नेकपा (माओवादी केन्द्रका) उम्मेदवार दुर्गा बिकले १४३ मत प्राप्त गरेका थिए । यहाँ आठ जनाको बिचमा प्रतिष्पर्धा भएको थियो। यहाँ कुल २३३४ मत खसेको थियो। उपनिर्वाचनमा ५७.०५ प्रतिशत मत खसेको छ । यहाँ कुल चार हजार ९१ मतदाता थिए । २०७९ मा यहाँ नेपाली कांग्रेसका मोहन घिमिरे निर्वाचित भएका थिए। उनले आत्महत्या गरेपछि रिक्त स्थानमा मंसिर १६ गते उपनिर्वचन भएको हो ।

**कपिलवस्तुमा एमालेले जित्यो**

कपिलवस्तुको शुद्धोधन गाउँपालिका - १ को अध्यक्षमा नेकपा (एमाले) का मोहम्मद ताहिर मुसलमान विजयी भएका छन् । मुसलमानले एक हजार एक सय ५० मत प्राप्त गरि निर्वाचित भएका थिए। निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका दिनेशकुमार यादवले एक हजार ७६ मत प्राप्त गरेका थिए। तेस्रो भएका जनमत पार्टीकाका सीताराम पटेल कुर्मीले चार सय २३ प्राप्त गरे । यसअघि २०७९ को स्थानीय तह निर्वाचनमा उक्त वडा नेपाली कांग्रेसले जितेको थियो । उतिखेर नेपाली कांग्रेसका तिलकराम यादवले १०३२ मत पाएर बिजयी हुँदा एमालेका अब्दुल मोजिव खाँले ८८९ पाएका थिए ।

कपिलवस्तुको शुद्धोधन गाउँपालिका - १ मा ६९ दशमलव ४१ प्रतिशत मत खसेको छ । ३३७९ मत खसेको थियो । शुद्धोधन गाउँपालिका - १ मा दुई हजार एक सय १२ महिला र दुइ हजार सात सय ५६ पुरुष गरी चार हजार ८ सय ६८ मतदाता थिए । उपनिर्वाचनका क्रममा यो वडामा चार स्वतन्त्रसहित १४ जनाको बिचमा प्रतिस्पर्धा भएको थियो । २०७९ सालमा यो वडामा नेपाली कांग्रेसले जितेको थियो । तत्कालिन वडाध्यक्ष तिलकराम यादवको २०८१ असोज ८ गते निधन भएपछि रिक्त पदको लागि निर्वाचन भएको हो ।

### कोहलपुरमा...

सामाजिक विकास मन्त्रालयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय गाभिएको थियो भने सामाजिक विकास मन्त्रालयमा रहेको युवा तथा खेलकुदको जिम्मेवारी छुट्टै युवा तथा खेलकुद मन्त्रालय बनाइएको थियो । जसले गर्दा मन्त्रिपरिषद् बैठकले बजेट तथा कार्यक्रमको व्यवस्थापन गर्ने निर्णय गरेको हो ।

**चालु खर्च कटौती गर्ने मुख्यमन्त्रीको योजना**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले चालू खर्च कटौती गर्नेगरी भावी योजना निर्माण गरिनुपर्ने बताए । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले लुम्बिनी प्रदेशमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले चालू खर्च कटौती गर्नेगरी दिर्घकालिन योजना अघि सार्नुपर्ने सुझाव दिएका छन् ।

उनले आयोजनाको नामा खोलिने छुट्टै कार्यालयले चालू खर्च बढाएको, वर्गीय रुपमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न पुनरावलोकन गर्न सकिने, राजनीतिक रुपमा निर्वाचित जनप्रतिनिधिहरुले पाउँदै आएको तलबी सेवा सुविधामा समेत पुनरावलोकन गर्न सुझाव दिएका छन् । 'चालू खर्च घटाउन निर्मम बन्नुपर्ने बेला आएको छ । आयोजना सञ्चालन गर्ने नाममा छुट्टै कार्यालय सञ्चालन गरेर चालू खर्च बढ्छ । त्यो कार्यालय आवश्यक पर्दैन । जुन कार्यालयबाट काम अघि बढ्छ । त्यहीँबाट कार्यसम्पादन हुनुपर्छ,' उनले भने-'प्रशासनिक खर्च घटाउन जरुरी छ । सेवा प्रवाहलाई डिजिटल प्रविधिसँग जोडिदा प्रशासनिक क्षेत्रमा हुने खर्च कटौती हुन्छ । अब जनशक्तिमा पनि पुनरावलोकन हुनुपर्छ भन्ने लाग्छ ।'

यस्तै मुख्यमन्त्री आचार्यले राजनीतिक रुपमा चुनिने जनप्रतिनिधिको तलबि सेवा सुविधामा पनि पुनरावलोकन गर्नुपर्ने तर्क राखेका थिए । 'जनप्रतिनिधिले तलब पाउने सिस्टम आफैंमा ठिक हो होइन ? पुनरावलोकन गर्नुपर्छ कि ?,' उनले भने-'तलबी सिस्टमले धेरै विकृति, विसंगति भित्र्याएको छ ।' यस्तै मुख्यमन्त्री आचार्यले अन्तरमन्त्रालय समन्वय, लगानीमैत्री कानुन निर्माण गर्न जरुरी रहेको बताए । प्रदेशको आन्तरिक स्रोतको पहिचान गरिएको र राजस्वको दायरा फराकिलो बनाउनेगरी भूमिका बढाइएको उनले जानकारी दिए । कार्यक्रममा लुम्बिनी प्रदेशका विभिन्न मन्त्रालयका मन्त्री, सचिव, प्रदेश योजना आयोगमा पदाधिकारी तथा स्थानीय तहका जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रम उच्चस्तरीय सुझाव आयोगका सदस्य डा. विश्वास गौचनको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।


# Jhimruk Rural municipality

**Office of the Rural Municipal Executive**
**Bhyagute, Pyuthan**
**Lumbini, Province, Nepal**

# Invitation for Bids

Date of Publication: 2081/08/18 (AD 03/12/2024)

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Purchase of Veterinary Medicine. Under SQ procedures.

| S.N. | Contract ID No | Description of Work | Estimated Amount | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1 | JRM/SQ/GOODS /09/2081/082 | Purchase of Veterinary Medicine. | NRs: 9,99,807.00 (Excluding VAT) | NRs: 25,000.00 | NRs: 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile number 9857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronicbidsmustbesubmittedtotheofficethrough PPMOwebsitewww.bolpatra.gov.np/egpo, before 12:00 Hours on 2081/09/03 (AD: 18/12/2024). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/09/03 (AD: 18/12/2024) 13:00 at the office of Jhimruk Rural Municipality
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. (Note: While Purchasing the remaining amount, The contracted suppliers have to provide the goods on demand of the office, at agreed rate in contract, if required through out the current fiscal year.)
8. (Note: VAT given by the system of Contract ID No.: JRM/SQ/GOODS/09/2081/082 will be ignored, because no VAT will be charged on Medicines.)

Chief Administrative officer

# लुम्बिनी राष्ट्रिय महोत्सवमा अधिकांश स्टल बुक

भैरहवा । भैरहवामा हुन गइरहेको नवौं लुम्बिनी राष्ट्रिय महोत्सवमा अधिकांश स्टल बुक भएका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघको आयोजनामा मंसिर २० गते देखि हुन गइरहेको पर्यटन महोत्सव कृषि तथा राष्ट्रिय औद्योगिक व्यापार मेलामा ३ सय स्टल बनाइएकोमा मेला सुरु हुन अगावै सबै स्टल बुकिङ भइसकेका छन् । 'बजारमा आर्थिक चलायमान गराउन उद्योगी व्यवसायीहरु उत्साहका साथ स्टल बुक गराएका छन्, हामीले सोंचेभन्दा बढी स्टलको माग भएको छ ।'-संघका वरिष्ठ उपाध्यक्ष एवं महोत्सव मूल आयोजक समिति सह-संयोजक नेत्रप्रसाद आचार्यले भने ।

उनले विगतको मेलाहरु भन्दा यस वर्षको मेलामा मेला सुरु हुनुभन्दा अगाडि नै स्टल बुक भएको जनाए । 'हामीले स्टल छैन भनि फर्काउनु पर्ने अवस्था आएको छ। कतिपयले त स्टल नपाएर धैरै विभिन्न ठाउँबाट व्यवस्थापनको लागि पहल गरिरहनु भएको छ। आयोजकलाई स्टलको व्यवस्थापन गर्न धौ धौ भएकोले थप स्टल बनाउने की भन्ने सोंचमा आयोजक रहेको छ ।'-स्टल बुकिङ व्यवस्थापन समिति संयोजक समेत रहेका आचार्यले भने ।

उनले संघले यसअघि सम्पन्न गरेका ८ वटा महोत्सवमा समेत स्टल बुकिङ राम्रो हुने गरेको स्मरण गरे । 'यसपटक बजारमा आर्थिक मन्दीको प्रभाव छ। उपभोक्ता र व्यवसायीको क्रय शक्ति केही खस्किएको छ, तर महोत्सवप्रतिको विश्वास कायम छ। यसले बजारमा नयाँ उत्साह थपेको हामीले पाएका छौं ।'- उनले भने ।

आफ्नो उत्पादन तथा सेवाको बिक्री वितरण तथा प्रचारप्रसार गर्न हिमाली तथा पहाडी जिल्लाका कृषक र निजी व्यवसायीको समेत महोत्सवमा स्टल बुकिङ राम्रो छ। आर्थिक मन्दीले निजी क्षेत्रका व्यवसायी निराश भएको अवस्थामा उक्त महोत्सवमा भने उद्यमी व्यवसायीको बढ्दो आकर्षण र सहभागिताले आयोजक उत्साहित भएका छन्। पुस १ गतेसम्म भैरहवास्थित अंचलपुरमा महोत्सव हुँदैछ।

'स्टल बुक गर्न भन्दै धैरै ठाउँबाट फोन आएको आयै छ', आचार्यले भने-'स्टलको माग भए अनुरुप हामीले उपलब्ध गराउन सक्ने अवस्था छैन ।' महोत्सवमा प्रतिस्टल १५ हजारदेखि ४० हजार रुपैयाँ मूल्य तोकिएको छ। महिला उद्यमी, हस्तकलालाई ५० प्रतिशत छुट छ। कृषि उत्पादनलाई प्रोत्साहित गर्न प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाबाट सिफारिश भएका कृषकका लागि निःशुल्क स्टल उपलब्ध गराइएको छ।

संघका अध्यक्ष तथा महोत्सव मूल आयोजक समिति संयोजक ठाकुरकुमार श्रेष्ठले काठमाडौं, पोखरा, चितवन, झापा, पश्चिम नवलपरासी, कपिलवस्तु, दाङ, बुटवल, भैरहवा, पाल्पादेखि कर्णाली प्रदेशका जिल्लाहरु दैलेख, सुर्खेत, सुदूरपश्चिमका कैलाली, कञ्चनपुर तथा मनाङ-मुस्ताङका जिल्लाहरुबाट किसान तथा व्यवसायीले स्टल बुक गरेका छन् । हिमाली तथा पहाडी जिल्लाबाट स्याउ, जडीबुटी, आलु, सेमी तथा विभिन्न गेडागुडी जस्ता कृषिजन्य बस्तुको बिक्रीका लागि स्टल बुक भएको श्रेष्ठले जनाए।

आयोजकका अनुसार अहिलेसम्म ४० बढी जिल्लाबाट उद्योगी-व्यवसायी, कृषक र केही संघसंस्थाले समेत स्टल बुकिङ गरेका छन् । 'एउटै थलोमा धैरै उत्पादनको प्रदर्शनी हुने भएकाले पनि यति धैरै जिल्लाका व्यवसायी र कृषकले महोत्सवमा आउन चाहनुभएको हो', अध्यक्ष श्रेष्ठले भने-'यो अत्यन्त सुखद् पक्ष हो। हामीलाई यो महोत्सवले थोरै भए पनि वर्तमान आर्थिक सिथिलतालाई चिर्छ भन्ने विश्वास बढेको छ।'

आयोजकका अनुसार महोत्सवको प्रायोजन तथा सह-प्रायोजन गर्नका लागि पनि धैरै उद्यमी-व्यवसायी र ठूला प्रतिष्ठान उत्साहित देखिएका छन् ।

'आर्थिक मन्दीले निराश बनाएको अवस्थामा पनि यो महोत्सवप्रति किसानदेखि व्यवसायी र उद्योगीको बढ्दो आकर्षणले हामीलाई हौसाएको छ', संघका महासचिव कृष्णप्रसाद घिमिरेले भने-'बिगतमा प्रायोजन तथा सहप्रायोजन गरिदिने व्यवसायी पाउनै मुस्किल हुन्थ्यो ।

अहिले धेरैले इच्छा देखाउनु भयो।' संघका सचिव तथा प्रसारप्रसार समिति संयोजक मंगल भण्डारीले महोत्सवले व्यवसायिक प्रवर्द्धन गर्ने र शहरदेखि गाउँबस्तीसम्म प्रचारप्रसार राम्रो भएकाले धेरै जिल्लाका उत्पादन भैरहवामा बिक्रीका लागि ल्याइन लागेको जानकारी दिए।

## विनयी त्रिवेणी गाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

### नवलपरासी,बर्दघाट सुस्ता पुर्व

### गण्डकी प्रदेश, नेपाल

### स्था २०७३

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८१/०८/१८**

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

तपशिलः

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनल सम सहित ) |
|---|---|---|---|---|
| 01 | 02/BTRM/ NCB/Goods/ 2081-082 | Procurement of Medicines for basic and emergency health care | A One Pharma, Butwal-6, Rupandehi Lumbini Province | रु. २१,१६,३९५ |

प्रमुख प्रशासकीय अधिकृत

## Rurukshetra Rural Municipality

### Office Of TheRural Municipal Executive

### Ghiubensi, Gulmi Lumbini Province

## Invitation for Bids

**Date of Publication: December 03, 2024(2081/08/18)**

**Office of Rurukshetra Rural Municipality, Ghiubensi, Gulmi** invites only electronic bids for the following works under National Competitive Bidding (NCB).

| S. No. | Contract No./IFB No. | Estimated amount (Exclusive of VAT& contingencies)NRS | Name of the Project & Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time of Bid Opening | Bid Validity Period | Bid Security (Nrs) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | ORRM-W-NCB-23-081/82 | 34,86,331.84 | Lamachaupari Bishramsthal Tatha Bishnu Murti Nirman, Gulmi | 3,000.00 | January 02, 2025 (2081/09/18) Before 12:00 hr | January 02, 2025 (2081/09/18) At 13:00 hr | 90/120 days | 1,20,000.00 |

1. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp.
2. Information for depositing the cost of bidding document and Bid Security
   Name of Bank: Nepal Investment Mega Bank Ltd, Gulmi
   Office Name: Rurukshetra Rural Municipality
   GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (For Bid Document Fee)
   Revenue Code Number(Rajaswo Shirshak Number): 14249 (Aanya Dastur)
   GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (for Bid Security)
3. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
4. The person, firm or company blacklisted as per Public Procurement Act-2063 with amendment, shall be inelegible to submit the bid and also the proprietor of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulation-2064 with amendment and other prevailing regulations.
6. The Employer reserves the right to accept or reject,wholly or partly any or all the bids with out assigning reason, whatsoever.
7. Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

**Chief Administrative officer**

## १५ दिने दावी विरोध सम्बन्धी सूचना

मिति : २०८१/०८/१८

प्रस्तुत विषयमा साविक बर्तुङ्ग वडा नं. ४ ठेगाना भई हाल तानसेन नगरपालिका वडा नं. ७ बस्ने गुनाखर पाण्डेको नाति, दयाराम पाण्डेको छोरा रोशन पाण्डेको नाममा दर्ता कायम रहेको कित्ता नं. २४०३ क्षेत्रफल ०-३-१-१, को जग्गामा घर बनाउन लागेको र उत्तर तर्फको संधीयार राम प्रसाद पौडेल, दुईतर्फ बाटो, पश्चिमतर्फको संधीयारमा रहेको जग्गावाला सम्पर्कमा नआएकाले उक्त हाम्रो जग्गामा घर निर्माणको लागि नक्सा पास हुन नसकेकाले यो सूचना प्रकाशित गरिएको छ। जग्गाधनी रोशन पाण्डेले प्रकाशित गरेको सूचना मितिले १५ दिनभित्र सघीयार राम प्रसाद पौडेलको कुनै दावी विरोध रहेमा स-प्रमाण सहित तानसेन नगरपालिका कार्यालयको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ। अन्यथा सोही बमोजिम नाप नक्सा तथा निर्माण कार्य सूचारु हुने यसै सूचनाबाट जानकारी गराइन्छ।

इति सम्वत २०७८१ साल मंसिर १८ गते रोज ३ शुभम् ... ।

## KAWASOTI MUNICIPALITY

### OFFICE OF THE MUNICIPAL EXECUTIVE

### GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

**First Date of Publication: 2081/08/18**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 17/KM/NCB/2081/82 | Road Upgrading at two Location kawasoti Municipality 11 ra 12 | 67,95,827.30 | 2081/09/18, BS) Upto 12Hr | 120 days | 2,05,000 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

## श्री समईथान सामुदायिक वन उपभोक्ता समुह

बुद्धभुमी न.पा-०३, कपिलवस्तु

## काठ दाउराको बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना

चौथो पटक प्रकाशित मिति : २०८१/०८/१८

समईथान सामुदायिक वन उपभोक्ता समुहको वन बाट आ.व.२०८०/०८१ मा उत्पादित काठ सा.व. घाटगद्दीमा रहेकोमा सो काठ लट नं. २ , लट नं. ५, लट नं. ६ र लट नं. ७ कायम गरी निम्न जात र परिमाणको काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका वन पैदावारमा आधारित (काठ दाउरा) संचालनमा रहेको उद्योगले मात्र वो सूचना राष्ट्रिय दैनिक लुम्बिनि पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्रमा बोलपत्र खरिद गरी २१ औं दिनको २:०० बजे सम्ममा लटको सिलवन्दी बोलपत्र दाखिला गर्ने आव्हान गरिन्छ।

**वन पैदवारको विवरण**

| सि. नं. | लट नं. | जात | ग्रेस | थान | परिमाण | न्यूतम मूल्य प्रति इकाइ दर रु. | संकलन खर्च | चाङ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २/०८०/०८१ | जामुन<br>जामुन<br>जामुन | A<br>B<br>C | ९<br>२६<br>२०९ | १५६.९६<br>२४५.७२<br>६०५.१७ | ४००<br>३००<br>१०० | प्रति क्यू फिट रु. १६० | ५ | वन (दोस्रो संसोधित) नियमावली २०८१ बमोजिम पुनर्मूल्याङ्न गरि क्वाटर खर्च शुक्रबार परिमाण कायम गरिएको |
| | | जम्मा | | २४४ | १००७.७५ | | | | |
| २ | ५/०८०/०८१ | जामुन<br>जामुन<br>जामुन | A<br>B<br>C | १३<br>२०<br>१२९ | ३०४.३२<br>१८३.५८<br>३८२.९० | ४००<br>३००<br>१०० | प्रति क्यू फिट रु. १६० | ६ | |
| | | जम्मा | | १६२ | ८७०.८० | | | | |
| ३ | ६/०८०/०८१ | जामुन<br>जामुन<br>जामुन | A<br>B<br>C | ४<br>२८<br>१८७ | ६७.०३<br>२६५.६३<br>५७६.०९ | ४००<br>३००<br>१०० | प्रति क्यू फिट रु. १६० | ७ | |
| | | जम्मा | | २१९ | ९०८.७५ | | | | |
| ४ | ७/०८०/०८१ | कर्मा<br>कर्मा<br>कर्मा | A<br>B<br>C | ७<br>१२<br>७८ | १७५.०५<br>१२२.४१<br>२६०.८८ | ४००<br>३००<br>१०० | प्रति क्यू फिट रु. १६० | ८ | |
| | | जम्मा | | ९७ | ५५८.३४ | | | | |
| | | असना<br>असना<br>असना | A<br>B<br>C | ६<br>१४<br>८१ | १३०.८८<br>१४६.८३<br>२५०.९४ | ४००<br>३००<br>१०० | | | |
| | | जम्मा | | ९८ | ५२८.६५ | | | | |

(१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय
(क) अन्तिम मिति :- २०८१/०९/०८ (ख) समय :- ५:०० वजे भित्र।
(२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय
(क) अन्तिम मिति :- २०८१/०९/०९ (ख) समय :- दिनको ठीक २.०० वजे सम्म।
(३) बोलपत्र फारम लट नं. हरुको रु १०००/- पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय कपिलवस्तु बाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# बुटवलमा १२५ सीसी क्यामेरामार्फत् निगरानी



बुटवल । रुपन्देहीको बुटवल उप-महानगरपालिकाले बुटवलका मुख्य चोक र बजार क्षेत्रमा सीसी क्यामेरा जडान गरेको छ । उप-महानगरपालिकाले वडा नं. ४, ५, ७ र ८ का मुख्य स्थानहरुमा १२५ वटा सीसी क्यामेरा जडान गरेको हो ।

बुटवलको बसपार्क, मिलनचोक, हस्पिटललाइन ,नेपालगञ्ज रोड, ट्राफिक चोक, पाल्पा बसपार्क, गोलपार्क क्षेत्रमा सीसी क्यामेरा जडान गरेको उप-महानगरपालिकाले जनाएको छ । बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले सोमबार आइटी शाखामा सीसी क्यामेराको उद्घाटन गर्दै उपमहामनगर र वडाहरुको संयुक्त बजेटमा क्यामेरा जडान गरिएको बताए ।

मुख्य बजार क्षेत्रमा क्यामेरा जडान गरिएको र अरु वडामा पनि आवश्यकताअनुसार सीसी क्यामेरा जडानको तयारी गरिएको उनले बताए । इलाका प्रहरी कार्यालय बुटवलबाट नियमित अनुगमन हुने गरी व्यवस्था मिलाइएको मेयर पाण्डेयले जानकारी दिए ।

लुम्बिनी प्रदेश राजमार्ग सुरक्षा तथा सवारी व्यवस्थापन कार्यालय बुटवलका प्रमुख, प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले अपराध नियन्त्रण तथा बजार क्षेत्रलाई व्यवस्थित बनाउनको लागि सीसी क्यामेरा सहयोगि हुने जनाए ।

सडकमा गुड्ने सवारीदेखि अपराध अनुसन्धानमा समेत सीसी क्यामेराबाट सहयोग मिल्ने उनले बताए । बुलेट, ह्वाइट, पिटिजुसहितका ४ मेगाफिक्चरको आइटी क्यामेरा जडान गरिएको उप-महानगरपालिकाका उपनिर्देशक रोशनकुमार रेग्मीले जानकारी दिए ।

यसको अनुगमन उप-महानगरपालिकाको आइटी शाखा र प्रहरी कार्यालयबाट हुने गरी व्यवस्था मिलाइएको उनले बताए । एआई फिचरसहितको अत्याधुनिक क्यामेरा जडान गरिएको छ । १२५ वटा क्यामेरा र ब्याकअपसहित ५२ लाख लागतमा जडान गरिएको उपनिर्देशक रेग्मीले जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# बुटवलको मेलामा ब्यूटि एक्स्पो हुने

बुटवल । बुटवलमा हुँदै गरेको औद्योगिक व्यापार मेलामा काठमाडौं उपत्यका बाहिर पहिलो पटक 'ब्यूटि एक्स्पो' सञ्चालनको तयारी गरिएको छ ।

बुटवल उद्योग वाणिज्य संघले यही पुसको ३ देखि १८ गतेसम्म अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल बुटवल मण्डपमा सञ्चालन गर्न गइरहेको औद्योगिक व्यापार मेलामा ब्यूटि एक्स्पो गर्न लागिएको एक्स्पोकी संयोजक तथा संघकी कार्यसमिति सदस्य रेनु श्रेष्ठले जानकारी गराइन ।

औद्योगिक व्यापार मेलाभित्र सञ्चालन गरिने ब्यूटि एक्स्पो छुट्टै पेभिलियनमा हुनेछ । एक्स्पोमा महिला तथा पुरुष दुबैलाई ब्यूटिसँग सम्बन्धित विषयमा सेवासँगै कम्पनीका उत्पादनहरु बिक्री वितरण गरिनेछ । एक्स्पोमा स्किन केयर, हेयर केयर र सौन्दर्यसँग सम्बन्धित विषयमा सेवासँगै विषयविज्ञले परामर्श समेत प्रदान गरिने उनले जानकारी गराइन । ब्यूटि एक्स्पोमा सरदर २० वटा स्टल समावेश गरिने छ भने छाला, कपाल तथा नङ श्रीङ्गार तथा सजावटमा प्रयोग गरिने राष्ट्रिय तथा बहुर्राष्ट्रिय कम्पनीका प्रोडक्टहरु बिक्रीका लागि राखिनेछ ।

एक्स्पोमा यस क्षेत्रमा २५ वर्षभन्दा लामो समय सेवा गरेका ब्यूटिसियनलाई सम्मान गरिने छ । त्यस्तै सौन्दर्य र स्वास्थ्यका विषयमा कम्पनीका प्रतिनिधि, डर्माटोलोजिष्ट र ब्यूटिसियन सम्मिलित अन्तरक्रिया कार्यक्रम गरिने छ । एक्स्पोमा सहभागी स्टलहरुका बिचमा मेकअप प्रतियोगिता गराइनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने स्टललाई नगद पुरस्कारसहित सम्मान गरिने ब्यूटि एक्स्पोकी संयोजक श्रेष्ठले जानकारी दिइन ।

# ११औं वार्षिकोत्सवमा सप्तहव्यापी कार्यक्रम

बुटवल । बुटवल कालिका क्याम्पसले मंगलबारदेखि आफ्नो ११औं वार्षिकोत्सव तथा अभिवाक दिवस मनाउने भएको छ । सप्ताहव्यापी कार्यक्रमसहित क्याम्पसले ११औं वार्षिकोत्सव मनाउन लागेको हो ।

बुटवल उप-महानगरपालिका-१० रामनगरमा अवस्थित क्याम्पसले मंगलबार बृहत् सरसफाइ कार्यक्रमसहित सप्ताहको सुरुवात गर्ने प्राचार्य घनश्याम पाठकले जानकारी दिए ।

वार्षिकोत्सवबारे जानकारी गराउन सोमबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै पाठकले स्थापनाको छोटो समयमै उत्कृष्ट नतिजा ल्याउन सफल भएको दाबी गरे । त्रिभुवन युनिभर्सिटीबाट मान्यता प्राप्त यस क्याम्पसमा हाल अध्यापन हुने बीसीए, बीबीए, बीएड, बीए र स्नातकोत्तर तह एमए आरडीतर्फ उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको उनले बताए । निकट भविष्यमै गुणस्तर सुनिश्चिता प्रत्यायन (क्यूएए) प्राप्त गर्ने बताउँदै उनले त्यसका लागि अन्तिम पीआरटी भैसकेको जानकारी गराए ।

२०७० सालमा स्थापना भएको यस क्याम्पसमा विभिन्न संकायतर्फ ३ हजार ९३६ विद्यार्थी रहेका छन् । सामुदायिकस्तरबाट सञ्चालित यस क्याम्पसले अघिल्लो शैक्षिक सत्रमा १ हजार २१५ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको थियो । क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष होमबहादुर गलामीले क्याम्पसमा डिजिटल प्रविधिलाई प्रोत्साहन गरिएको बताउँदै प्रविधि थप गर्ने योजनाहरु जारी रहेको उल्लेख गरे ।

क्याम्पसले मंसिर २४ गतेसम्म मनाउने सप्ताहव्यापी कार्यक्रमअन्तर्गत अन्तर संकाय छात्रछात्रा भलिबल, रिले दौड प्रतियोगिता, कबड्डी प्रतियोगिता, डोरी तान्ने प्रतियोगिता, टेबल टेनिस प्रतियोगिता, नृत्य प्रतियोगिता, बेलुन फुक्ने प्रतियोगिता हाजिरी जबाफ प्रतियोगिता हुने छन् ।

यसैगरी शिक्षक कर्मचारीबिच मैत्रीपूर्ण भलिबल प्रतियोगिता तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमअन्तर्गत निःशुल्क आँखा र दन्त परीक्षण समेत आयोजना गरिने क्याम्पस प्राचार्य पाठकले जानकारी दिए । साताव्यापी कार्यक्रमको लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री लिला गिरीले समुद्घाटन गर्नुका साथै मूल समारोहलाई लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले सम्बोधन गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए ।

लुम्बिनी प्रदेश सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
बुटवल, रुपन्देही

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

सूचना मितिः२०८१/०८/१८

यस कार्यालयको मिति २०८१/०६/२३ मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना बमोजिम पेश भएका बोलपत्रहरुमध्ये तपशिलमा उल्लेखित निर्माण व्यवसायीले कबोल गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण र निर्माण स्थल | छनोट भएको बोलपत्र दाता | कबोल अङ्क रकम रु. (मु. अ. कर र बिमा सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | GWIDDBTL/२-२०८१-८२(DTW) | डिप ट्र्युववेल निर्माण, वेल डेभलपमेन्ट तथा पम्प टेस्ट कार्य, ता.न.पा-८, पाल्पा | श्री नवलपुर ड्रिलिङ एण्ड कन्सट्रक्सन प्रा ली, नवलपुर | ११,९९,३१९.१६ | |
| २ | GWIDDBTL/३-२०८१-८२(DTW) | डिप ट्र्युववेल निर्माण, वेल डेभलपमेन्ट तथा पम्प टेस्ट कार्य, रामग्राम-१४, नवलपरासी | श्री जय माँ काली ड्रिलिङ कम्पनी प्रा ली, रुपन्देही | २२,८३,५९३.१२ | |
| ३ | GWIDDBTL/४-२०८१-८२(DTW) | डिप ट्र्युववेल निर्माण, वेल डेभलपमेन्टतथा पम्प टेस्ट कार्य, बर्दघाट ५ पालडाँडा, नवलपरासी | श्री चतुररुप निमार्ण सेवा प्रा ली, दोलखा | ३४,१३,६९८.२१ | |
| ४ | GWIDDBTL/६-२०८१-८२(DTW) | डिप ट्र्युववेल निर्माण, वेल डेभलपमेन्ट तथा पम्प टेस्ट कार्य, देवदह - ८,रुपन्देही | श्री जय माँ काली ड्रिलिङ कम्पनी प्रा ली, रुपन्देही | २०,४२,५६६.४२ | |
| ५ | GWIDDBTL/७-२०८१-८२(DS) | पानी वितरण प्रणाली निर्माण कार्य, हनुमान डिप ट्र्युववेल कन्चन-३, हरैया रुपन्देही | श्री दक्षिणकाली विल्डर्स एण्ड सप्लार्यस प्रा ली, काठमाडौं | १४,३८,२५६.५९ | |
| ६ | GWIDDBTL/८-२०८१-८२(DS) | पानी वितरण प्रणाली निर्माण कार्य, शान्तिटोल डिप ट्र्युववेल कन्चन-५, रुपन्देही | श्री दक्षिणकाली विल्डर्स एण्ड सप्लार्यस प्रा ली, काठमाडौं | १४,४४,८९७.९७ | |

कार्यालय प्रमुख

Government Of Lumbini Province
Ministry Of Forest and Environment
Forest Directorate
Division Forest Office, Palpa

## Invitation for Online Bids

Date of publication: 2081/08/18 (3Dec,2024)

Division Forest Office, Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***
Name of the Bank: Rastriya Banijya Bank, Palpa
Account No.: 1000200010000
Name of the Office: Division Forest Office, Tansen, Palpa
Bank details for Bid Document (If Cash deposit) :Rastriya Banijya Bank, Palpa
AntarikRajaswa Account No.:14229
Bid Validity Period: 45 days
Bank details for Bid security ( If Cash deposit) :Rastriya Banijya Bank, Palpa
DharautiKhataA/C no.3030100202030000 Pradesh Ko.Le.Ni.Ka, Palpa

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| RE-DFO/PLP/W/SQ/02/081-082 | Jalpa Chulidanda Paryaparyatan Bikas-Purbakhola - 2, Palpa | 1207851.04 | 1000.00 | 31250.00 | 2081/09/03 12.00 Pm (Dec,18, 2024) | Second time Published Electronic Bid |
| RE-DFO/PLP/W/SQ/04/081-082 | Kauledanda Kabuliyati Ban Paryaparyatan Bikas Karyakram, Nisdi-3,Palpa | 1201038.92 | 1000.00 | 31250.00 | 2081/09/03 12.00 Pm (Dec,18, 2024) | Second time Published Electronic Bid |
| RE-DFO/PLP/W/SQ/05/081-082 | Shahid Aalok parkUdhyan Nirman. Baganaskali -03, Palpa. | 768246.02 | 1000.00 | 20000.00 | 2081/09/03 12.00 Pm (Dec,18, 2024) | Second time Published Electronic Bid |
| RE-DFO/PLP/W/SQ/06/081-082 | Sudhariako Ban Paidawar Ghatagaddi/Dipo Nirman Rainadevi Chhahara-07, Palpa | 945661.90 | 1000.00 | 24500.00 | 2081/09/03 12.00 Pm (Dec,18, 2024) | Second time Published Electronic Bid |

Senior Divisional Forest Officer

लुम्बिनी प्रदेश सरकार
उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
बुटवल, रुपन्देही

## बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/१८

यस कार्यलयबाट भूमिगत स्यालो तथा डिपट्रूयुववेल सिंचाइ कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले क्र. स. १ र ४ को लागि ड्रिलिङ्ग कार्य सम्बन्धि इजाजत प्राप्त इच्छुक तथा योग्य निर्माण व्यवसायीहरु र क्र. स. २ र ३कोलागि निर्माण सम्बन्धि इजाजत प्राप्त इच्छुक तथा योग्य निर्माण व्यवसायीहरु बाट निम्न अनुसारको कार्य गर्नको लागि विधुतीय माध्यम https/bolpatra.gov.np/egp बाट दरखास्त दिनुहुनको लागि यो सूचना आह्वान गरिएको छ । अन्य विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि. न. | ठेक्का न. | कामको विवरण | ठेक्कारकम (इन्सुरेन्सरर भ्याट समेत(रू.) | बिड बोन्ड/ धरौटी रकम (रू.) | बोलपत्र दस्तुर (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GWIDD BTL /9-2081-82 (DTW) | Construction of 8" dia. Deep Tube well with Well Development and Pump Test at RanibariPragatitole DTW ISP, Butwal-19 Rupandehi. | 24,75,420.80 | 65,000 | 3000 | बोलपत्र |
| २ | GWIDDBTL /10-2081-82(DS) | Construction of Water Distribution System at LumbiniSanskrotik Na. paa., (Sawik Madhuban-7) MehelbariDTW ISP, Lumbini Sanasritik-10, Rupandehi. | 19,31,734.80 | 50,000 | 3000 | बोलपत्र |
| ३ | GWIDDBTL /11-2081-82(DS) | Construction of Water Distribution System at Pabitrabasti and Dharmabasti DTW ISP, Bardaghat-14, Nawalparasi | 38,63,527.53 | 100,000 | 3000 | बोलपत्र |
| ४ | GWIDDBTL /12-2081-82(DTW) | Construction of 8" dia. Deep Tube well with Well Development and Pump Test at Kumargaddi DTW ISP Sainamaina-9,Rupandehi | 29,41,571.88 | 77,000 | 3000 | बोलपत्र (दोस्रो पटक प्रकाशित) |

कार्यालय प्रमुख

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माफगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com